# व्यावसायिक मध्यस्थता संस्थाको क्षमता वृद्धि कार्यक्रम



नेपाली व्यावसायिक मध्यस्थता संस्थाहरू (आईबीओ) को क्षमता अभिवृद्धि गर्ने उद्देश्यले युरोपियन इकोनमिक चेम्बर- नेपाल (ईईसी-एन) ले 'व्यावसायिक मध्यस्थता संस्थाको क्षमता वृद्धि र विकास' नामको परियोजना सञ्चालन गर्ने भएको छ। 'एसिया इन्भेस्ट प्रोग्राम' अन्तर्गत ईईसी-एनले सञ्चालन गर्ने यो परियोजनाको अवधि ३० महिनाको हुनेछ। परियोजनाले नेपाली साना तथा मझौला व्यवसायीहरूका साथै युरोपेली आइबीओहरूको क्षमता अभिवृद्धि गर्ने जनाइएको छ।

उक्त परियाजनाले नेपालका १५ वटा आईबीओहरूको क्षमता अभिवृद्धिका लागि तालिम, सेमिनार आयोजना गर्ने तथा 'ब्रिटेन चेम्बर मेनेजमेन्ट एन्ड एड्मिनिस्ट्रेसन' र युरोपियन युनियनसँग मिलेर कार्यशाला सञ्चालन, व्यावसायिक मेला तथा प्रदर्शनीको आयोजना र सूचना आदानप्रदान गर्नेछ। यसले परियोजनाले थप ८० वटा आईबीओहरूलाई समेत अप्रत्यक्ष फाइदा पुग्ने जनाइएको छ।